## नौबहिनी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ६ मितिः २०८२/०९/२१

**भाग- २**

**नौबहिनी गाउँपालिका**

मिति २०८२।०८।२९ को कार्यपालिका बैठकको निर्णयहरू

**निर्णय नं. १**

गत कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरी कार्यान्वयन हुन नसकेका र कार्यान्वयनको चरणमा रहेका निर्णयहरू कार्यान्वयनमा तिव्रता दिने।

**निर्णय नं. २**

नौबहिनी गाउँपालिका वडा नं. १ को स्याउलीबाङ स्वास्थ्य चौकी भवन निर्माणका लागि लुम्बिनी प्रदेश सरकारबाट सशर्त अनुदान अन्तर्गत चालु आर्थिक वर्षको लागि प्राप्त भएको रु ३०००००० । अक्षरुपी तीस लाख बजेट स्वास्थ्य मन्त्रालयको मापदण्ड अनुसारको बर्थिङ सेन्टरसहितको स्वास्थ्य चौकी भवन निर्माण गर्न अप्रयाप्त हुने हुँदा चालु आर्थिक वर्षमा बिनियोजित बजेटबाट मात्र गर्न सकिने निर्माण कार्यका लागि बोलपत्र आह्वान गर्ने। आगामी आर्थिक वर्षमा भवन निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्ने थप बजेट व्यवस्था गर्न प्रदेश सरकार समक्ष वडा नं. १ को कार्यालयको सक्रियतामा गाउँपालिकाले पहल गर्ने।

**निर्णय नं. ३**

वडा नं. १ स्याउलीबाङ स्वास्थ्य चौकी भवन निर्माणका लागि प्रदेश सरकार वा संघीय सरकारबाट आगामी आर्थिक वर्षमा थप बजेट बिनियोजन नभएमा गाउँपालिकाले क्रमागत रुपमा बजेट बिनियोजन गरी भवन निर्माण कार्य पूरा गर्ने।

**निर्णय नं. ४**

कोसेली घर भवन निर्माण भएको जग्गा गाउँपालिकाको नाममा दाखिला प्रक्रिया अगाडी बढाउने र उक्त स्थानमा सरकारी निजी साझेदारी मोडेलबाट गाउँपालिकाको कोशेली घर सञ्चालन गर्न आवश्यक कार्यविधि निर्माण गर्ने।

**निर्णय नं. ५**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश अन्तर्गत सञ्चालित प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम (PLGSP) अन्तर्गत प्रादेशिक कार्यक्रम सहयोग इकाई (PPSU), रासी उपत्यका (देउखुरी) बाट मिति २०८२।०८।२९ गते प्रकाशित सूचना अनुसार नवप्रवर्तन परियोजनाको रुपमा नौवहिनी गाउँपालिका अन्तर्गतका सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा डिजिटल शिक्षाको अवधारणा कार्यान्वयनका लागि स्मार्ट बोर्ड, ल्यापटप, प्रोजेक्टर र कम्प्युटर लगायतका नविन प्रविधि जडान गर्ने र सो सम्बन्धी आवश्यक तालिम सञ्चालन गर्ने गरी परियोजनाको अवधारण पत्र पेश गर्ने।



प्रमाणिकरण गर्ने:
नाम: दिल बहादुर थापा
पद: अध्यक्ष
प्रमाणिकरण मिति:..........

साथै परियोजना सञ्चालनका लागि गाउँपालिकाले बहन गर्नुपर्ने ३० प्रतिशत साझेदारी रकम आगामी सभाबाट बिनियोजन गर्ने।

निर्णय नं. ६

नेपाल सरकारको विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० को परिच्छेद २ को बुँदा नं. ६ मा भएको व्यवस्था बमोजिम नौबहिनी गाउँपालिका अन्तर्गतका विद्यालयहरुको भौतिक एवम् प्राविधिक पक्षको अध्ययन, अनुगमन र विद्यालय भवन निर्माण लगायतका कार्यमा सहजीकरणका लागि तपसिल बमोजिमको विद्यालय पूर्वाधार विकास समिति गठन गर्ने।

तपसिलः

क) गाउँपालिका पूर्वाधार विकास समिति संयोजक - संयोजक
ख) योजना शाखा प्रमुख - सदस्य
ग) पूर्वाधार विकास शाखा प्रमुख - सदस्य
घ) महिला बालबालिका तथा समाज कल्याण शाखा प्रमुख - सदस्य
ङ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

निर्णय नं. ७

आ.व. २०८३।०८४ को लागि संघीय विशेष अनुदानतर्फ तपसिल बमोजिमका योजनाहरु प्राथमिकीकरण गरी माग गर्ने।

तपसिलः

| क्र.स. | योजनाको नाम | ठेगाना | लागत अनुमान |
|---|---|---|---|
| १ | मङ्ग्रखोला लुङ खानेपानी योजना | नौबहिनी गा.पा. वडा नं. ६ | प्राविधिक इस्टिमेट अनुसार |
| २ | तिनखोली झिम्प खा.पा. योजना | नौबहिनी गा.पा. वडा नं. ३ | प्राविधिक इस्टिमेट अनुसार |
| ३ | तल्लो लामपानी बाँसथाला ढुङ्गागारे खा. पा. योजना | नौबहिनी गा.पा. वडा नं. १ | प्राविधिक इस्टिमेट अनुसार |



प्रमाणिकरण गर्नेः
नामः दिल बहादुर थापा
पदः अध्यक्ष
प्रमाणिकरण मितिः..........

निर्णय नं. ८

आ.व. २०८३।०८४ को लागि संघीय समपूरक अनुदानतर्फ तपसिल बमोजिमका योजनाहरु प्राथमिकीकरण गरी माग गर्ने।

| क्र.स. | योजनाको नाम | ठेगाना | लागत अनुमान |
|---|---|---|---|
| १ | वालीपुक देउराली डाडाकटेरी सडक | नौबहिनी गा.पा. वडा नं. ४ | प्राविधिक इस्टिमेट |
| २ | मुलघाट सारीबाङ्ग ओखलढुङ्गा सडक | नौबहिनी गा.पा. वडा नं. ३ | प्राविधिक इस्टिमेट अनुसार |
| ३ | चिसापानी लिघा रोल्पा सडक | नौबहिनी गा.पा. वडा नं. २ | प्राविधिक इस्टिमेट अनुसार |

निर्णय नं. ९

सार्वजनिक जवाफदेहिताको प्रवर्द्धन एवम् नागरिकको सुसुचित हुने हकलाई सुनिश्चित गर्न आर्थिक वर्ष २०८२।०८३ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२ माघ ८ गते गाउँपालिकाको सभाहलमा सञ्चालन गर्ने।

निर्णय नं. १०

गाउँसभाको आ.व. २०८२।०८३ को हिउँदेअधिवेशनको प्रथम बैठक मिति २०८२ पौष २९ गते मंगलबारको दिन बिहान ११:३० बजे गाउँपालिकाको सभाहलमा सञ्चालन गर्ने।

निर्णय नं. ११

गाउँपालिकामा आर्थिक सहायता माग गरी निवेदन पेश गर्ने तपसिल बमोजिमका व्यक्ति, संघसंस्था लगायतका निकायलाई तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने।

| क्र.स. | आर्थिक सहायता माग गर्ने व्यक्ति, संघसंस्था वा निकाय | उपलब्ध गराउने रकम | खर्च शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | अखिल नेपाल जनजाती सम्मेलन | २०००० (बिस हजार) | विविध | |



प्रमाणिकरण गर्ने:
नाम: दिल बहादुर थापा
पद: अध्यक्ष
प्रमाणिकरण मिति:...........

| | | | | |
|---|---|---|---|---|
| २ | अखिल नेपाल युवक संघ जिल्ला समिति प्युठान | १५००० (पन्ध्र हजार) | विविध | |
| ३ | रिता घर्ती, नौबहिनी ६ लुङ्ग | २०००० (बीस हजार) | राहत कोष | मेरुदण्डमा चोट लागि घाइते भएको |
| ४ | पातञ्जल योग समिति नेपाल, राप्ती गाउँपालिका, दाङ | १५००० (पन्ध्र हजार) | | |

**निर्णय नं. १२**

मगर समुदायको महत्वपुर्ण पर्व माघी पर्व २०८२ को अवसरमा पि. फोर स्टार युवा समूह, नौबहिनी गाउँपालिका वडा नं. ८ फोप्ली, प्यूठानले सोरठी नाँच संरक्षण तथा साँस्कृतिक प्रवर्द्धन सम्वन्धी विविध कार्यक्रम गर्नका लागि बजेट माग गरी प्रस्तावना पेश गरेकाले उक्त संस्थालाई कार्यक्रम सम्पन्न गरी प्रतिवेदन पेश गरे पश्चात विल भरपाईको आधारमा रु १३००००। अक्षरुपी एक लाख तीस हजार नबढ्ने गरी विविध खर्च शिर्षकबाट आर्थिक सहयोग गर्ने।

**निर्णय नं. १३**

इलाका प्रहरी कार्यालय बहाने प्यूठानले कार्यालयको सवारी साधन मर्मत गर्दा भएको खर्च रकम भुक्तानीका लागि आफ्नो बजेट अपुग भएकाले सवारी मर्मत बापतको रकम सम्बन्धित पार्टीलाई भुक्तानीका लागि गाउँपालिका समक्ष निवेदन गरेकाले रू ५००००। अक्षरूपी पचास हजार बराबरको विल बमोजिमको रकम सवारी मर्मत खर्च शिर्षकबाट भुक्तानी गर्ने।

**निर्णय नं. १४**

नौबहिनी गाउँपालिका वडा नं. ६ बस्ने नारायण वि.कको श्रीमती आसा वि.कको मिति २०८२।०८।२७ गते प्रसुतिका लागि लुङ स्वास्थ्य चौकीबाट बिजुवार अस्पताल र त्यहाँबाट बुटवल रिफर गरिएकोमा निजको बाटोमै मातृ मृत्यु हुन गएको र निजको घर परिवारको आर्थिक अवस्था अत्यन्तै कमजोर भएकाले आर्थिक सहयोग पाउँ भनी निवेदन पेश भएको हुँदा निजलाई किरिया खर्च बापत रू. १५००० (पन्ध्र हजार) र लुङ देखि बुटवलसम्मको विल अनुसारको यातायात खर्च विपन्न नागरिक आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने।

प्रमाणिकरण गर्ने:
नाम: दिल बहादुर थापा
पद: अध्यक्ष
प्रमाणिकरण मिति:............

**निर्णय नं. १५**

मगर दिवस २०८२ को अवसरमा मिति २०८२ फाल्गुन १५ गते नौबहिनी गाउँपालिकाभरी स्थानीय सार्वजनिक विदा दिने।

**निर्णय नं. १६**

गाउँपालिका खेलकुद विकास समितिको सहजीकरणमा अध्यक्षकप भलिवल २०८२ मिति २०८२ माघ ३ देखि ५ गतेसम्म गाउँपालिकाको खेलमैदानमा अन्तर वडास्तरिय भलिवल प्रतियोगिता आयोजना गरी सञ्चालन गर्ने। साथै विविध खेलकुद कार्यक्रम शिर्षकबाट रू.५०००० (पचास हजार) खर्च गर्ने गरी गाउँपालिकास्तरीय ब्याडमिन्टन प्रतियोगिता कार्यक्रम समेत सञ्चालन गर्ने।

**निर्णय नं. १७**

मिति २०८२ मंसिर देखि २०८२ पौष २१ सम्म कार्य सम्पन्न भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु फरफारक गरी खर्च अनुमोदन गर्ने।

तपसिलः

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १ | ६ नं. लेख भुमेथान वाल निर्माण | |
| २ | स्यानिटरी प्याड खरिद | |
| ३ | घोबाङ्गे पोखरा थात्रा मोटरबाटो | |
| ४ | वडा नं ३ र ४ मोटरबाटो सरसफाई | |
| ५ | वडा नं २र ५ मोटर बाटो सरसफाई | |
| ६ | खोर पोखरी निर्माण | |
| ७ | थात्रा करङ्गे मोटर बाटो | |

**निर्णय नं. १८**

स्वास्थ्य सेवातर्फ सारीवाङ स्वास्थ्य चौकी वडा नं. ३ र खवाङ स्वास्थ्य चौकी वडा नं. ४ अन्तर्गत यस गाउँपालिकाबाट अन्य स्थानमा सरुवा तथा कामकाजमा खटिन गई रिक्त हुँदा नागरिकलाई आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न कठिन भएकाले तपसिल बमोजिमका पदहरुमा प्रदेश लोक सेवा आयोग र अन्य प्रक्रियाबाट स्थायी पदपुर्ति नहुन्जेलसम्मका लागि करार सेवाबाट कर्मचारी पदपुर्ति गर्ने।



प्रमाणिकरण गर्नेः
नामः दिल बहादुर थापा
पदः अध्यक्ष
प्रमाणिकरण मितिः..........

केन्द्रले विश्लेषण गरी पठाएको तथ्याङ्कका आधारमा अत्यावश्यक भएका तपसिल बमोजिमका माध्यमिक विद्यालयहरु छनौट गरी भवन निर्माण गर्ने। साथै स्थानीय तहले साझेदारी गर्नुपर्ने १० प्रतिशत रकम आगामी गाउँसभाबाट बिनियोजन गर्ने।

तपसिलः

क) श्री गोगनपानी मा.वि. वडा नं. ७

ख) श्री लुप्लुङ मा.वि. वडा नं. ८

प्रमाणिकरण गर्ने:
नामः दिल बहादुर थापा
पदः अध्यक्ष
प्रमाणिकरण मितिः............

**आज्ञाले,**

**नामः खड्ग वि क**

**प्रमुख प्रशासकीय अधिकृत**